अन्तिम ओभरमा मुम्बईमाथि दिल्लीको जित

एजेन्सी

काठमाडौं, ८ वैशाख

दिल्ली क्याटपिल्सले इण्डियन प्रिमियर लिग क्रिकेट (आइपिएल) टी-ट्वान्टी क्रिकेटमा तेस्रो जित हात पारेको छ । चेन्नाईमा मंगलबार राति भएको खेलमा साविक विजेता मुम्बई इण्डियन्सलाई ६ विकेटले पराजित गर्दै दिल्लीले तेस्रो जित निकालेको हो । मुम्बईले दिएको १ सय ३८ रनको लक्ष्य दिल्लीले १९ ओभर १ बलमा ४ विकेट गुमाएर पूरा गऱ्यो ।

दिल्लीको जितको हिरो शिखर धवन र अमित मिश्रा रहनुभयो । दिल्लीको धवनले सर्वाधिक ४५ रन जोड्नुभयो भने मिश्राले ४ विकेट लिनुभयो । त्यसबाहेक दिल्लीका लागि स्टिभ स्मिथले ३३ र ललित यादवले २२ रन जोड्नुभयो । दिल्लीका कप्तान ऋषव पन्त र पृथ्वी शा समान ७/७ रनमा आउट हुनुभयो भने शिम्रन हिटमेयरले अविजित १४ रन जोड्नुभयो ।

मुम्बईका जस्प्रित बुम्राह, जयन्त यादव, राहुल चाहर र केइरन पोलार्डले १/१ विकेट लिनुभयो । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मुम्बईले २० ओभरमा ९ विकेट गुमाएर १ सय ३७ रन बनाएको थियो । मुम्बईका लागि कप्तान रोहित शर्माले सर्वाधिक ४४ रन बनाउनुभयो । उहाँले ३० बलमा ३ चौका र ३ छक्का प्रहार गर्नुभयो । यस्तै इशान किशनले २६, सूर्यकुमार यादवले २४, जयन्त यादवले २३ रन जोड्नुभएको थियो । दिल्लीका अमित मिश्राले ४ विकेट लिनुभयो । आभेस खानले २ विकेट लिनुभयो ।

जितसँगै दिल्ली लिगको दोस्रो स्थानमा उक्लिएको छ । दिल्लीले चार खेलमा ६ अंक जोडेको छ । मुम्बईको यो दोस्रो हार हो । मुम्बईले चार खेलमा चार अंक जोडेको छ । खेलमा मुम्बईका कप्तान रोहित शर्मा स्लो ओभर रेटमा दोषी पाइनुभएको छ । आइपिएलले विज्ञप्ति जारी गर्दै उहाँलाई १२ लाख भारतीय रुपैयाँ जरिवाना गरेको छ । यसअघि स्लो ओभर रेटका लागि चेन्नाईका कप्तान महेन्द्रसिंह धोनीलाई समेत जरिवाना गरिसकिएको छ ।

एक खेल अगावै नेपाल फाइनलमा

हिमालय टाइम्स

काठमाडौं, ८ वैशाख

नेपाल समूह चरणको एक खेल अगावै काठमाडौंमा जारी त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । त्रिवि क्रिकेट मैदानमा बुधबार भएको नेदरल्याण्ड्स र मलेसियाबीचको खेल बराबरीमा सकिएसँगै नेपाल फाइनलमा प्रवेश गरेको हो ।

मलेसियासँगको बराबरीसँगै नेदरल्याण्ड्स पनि फाइनल पुगेको छ । मलेसिया भने बाहिरिएको छ । अब नेपाल र नेदरल्याण्ड्सले फाइनल खेल्नेछन् । वर्षाले प्रभावित खेलमा मलेसियालाई जितको लागि १० ओभरमा ९२ रन बनाउँनुपर्ने थियो । तर मलेसियाले ९१ रनमात्रै बनाएर अंक बाडेपछि खेल बराबरीमा सकिएको हो ।

नेपाल र मलेसियाबीचको अन्तिम खेल बाँकी हुँदा नेदरल्याण्ड्सले पाँच अंकसहित फाइनलमा स्थान बनायो । नेपालले भने सुरुवाती दुई खेलमा लगातार जित हात पारेको थियो । चार अंक रहँदै नेपाल फाइनलमा प्रवेश गरेको हो । दुई खेलमा हार र एक खेलमा बराबरीको नतिजासहित एक अंक रहेको मलेसिया पुछारमा रहँदै

बाहिरियो । नेपाल र मलेसियाबीचको समूह चरणको अन्तिम खेल बिहीबार हुनेछ ।

मलेसियालाई अन्तिम १ बलमा जितका लागि दुई रन आवश्यक थियो । तर रोमाञ्चक बनेको खेलमा मलेसियाले एक रनमात्रै जोड्न सकेपछि शृंखलामा रहिरहने मौका गुमायो । वर्षाले खेल प्रभावित भएपछि १३ ओभर मलेसियाले १ सय २० रनको लक्ष्य पाएको थियो । जवाफमा मलेसियाले ६ ओभरमा ५६-० रन बनाएको थियो । त्यसपछि पुनः खेल वर्षाले प्रभावित भएपछि खेल १० ओभरमा झर्दै मलेसियालाई ९२ रनको लक्ष्य दिइएको थियो । जुन उसले भेटाउन सकेन ।

मलेसिया ओपनर सैद अजिजले २६ बलमा २ चौका र २ छक्का सहित ३० रन बनाउनुभयो । यस्तै अनवार अरुद्दीन १७ बलमा २ चौका र १ छक्का सहित २६ रनमा आउट हुनुभयो भने विरनदीप सिंह १४ रन बनाउनुभयो । नेदरल्यान्ड्सका सेबस्टियान ब्राटले २ तथा बास डी लिड र भिभियन किंगमाले १-१ विकेट लिनुभयो ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको नेदरल्याण्ड्सले निर्धारित १३ ओभरमा ४ विकेट गुमाउँदै १ सय ७ रन बनायो । नेदरल्याण्ड्सका बेन कुपर ३२ बलमा ७ चौका र २ छक्का सहित सर्वाधिक ५४ रन जोड्नुभयो । यस्तै कप्तान पिटर शिलारले ३१ बलमा ५ चौकासहित ३७ र एन्टोनियस स्टाल ५ बलमा १ छक्का सहित १० रन जोड्नुभयो ।

महिला टोलीको शृंखला

यसैबीच नेपाली राष्ट्रिय क्रिकेट महिला टिमको शृंखला स्थगित भएको छ । भारतको उत्तराखण्ड महिला क्रिकेट टिमसँग नेपाली महिला टोलीले शृंखला खेल्ने तय भएको थियो । भारतमा कोरोनाभाइरसको संक्रमण तीव्र रूपमा बढेका कारण लिग स्थगित भएको नेपाल क्रिकेट संघ क्यानले जनाएको छ ।

नेपालले यहीं अप्रिलको तेस्रो साताबाट नेपाली महिला टोलीले उत्तराखण्ड महिला क्रिकेट टिमसँग सिरिज खेल्ने तालिका रहेको थियो । नेपालले भारतीय राज्य टोलीसँग टी-ट्वान्टी र एकदिवसीय मैत्रीपूर्ण सिरिज खेल्ने तालिका थियो ।

बराबरीमा रोकियो चेल्सी

एजेन्सी । इंग्लिस प्रिमियर लिगमा लण्डन क्लब चेल्सी ब्राइटनसँग बराबरीमा रोकिएको छ । चेल्सी घरेलु मैदानमा ब्राइटनसँग गोलरहित बराबरीमा रोकिएको हो ।

दुवै टोलीले पाएका मौकाहरू सदुपयोग गर्न नसक्दा जित हात पार्न सकेनन् । इन्ज्युरी समयमा ब्राइटन १० खेलाडीमा समेटिएको थियो । तर पनि त्यसको फाइदा चेल्सीले उठाउन सकेन् । बराबरीपछि चेल्सीले तेस्रो स्थानमा उक्लने मौका गुमाउदा शीर्ष चारमा रहेको छ । चौथो स्थानमा रहेको चेल्सीको ३२ खेलबाट ५५ अंक छ । समान ५५ अंक रहे पनि गोलअन्तरमा वेष्टह्याम युनाइटेड पाँचौं स्थानमा छ । ३४ अंक जोडेर रेलिगेसन जोनभन्दा दुई स्थानमाथि १६औं स्थानमा छ । यता जर्मनीको बुन्डेसलिगा फुटबलमा बायर्न लिभरकुसनमाथि बायर्न म्युनिखले २-० को जित हात पारेको छ । बायर्नको जितमा इरिक म्याक्सिम चुपो मोटिङ र योसुवा किम्मिखले गोल गर्नुभयो । खेलको सातौं मिनेटमा इरिक म्याक्सिम चुपो मोटिङले गोल गर्दै बायर्नलाई अग्रता दिलाए ।

जिएचसिए 'बी' सेमिफाइनलमा

काठमाडौं । जिएचसिए 'बी' एभरफन एन्जल्स हार्ट यु-१३ छात्र जुनियर क्रिकेट लिग-२ मा मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ । जिएचसिए 'बी' ले आयोजक एन्जल्स नेसनल स्कुललाई १८ रनले पराजित गर्दै समूह 'बी' को उपविजेताका रूपमा सेमिफाइनलमा पुगेको हो । ओसिस सोही समूहको विजेता बन्दै सेमिफाइनलमा पुग्न सफल भयो ।

जिएचसिए 'बी' ले निर्धारित २० ओभरमा ८ विकेट गुमाउदै १३८ रन बनायो । इशान श्रेष्ठले ३१ तथा निश्चल केसीले २३ रन जोड्नुभयो । एन्जल्सका प्रतीक पण्डितले ३ तथा जोय थापाले २ विकेट लिनुभयो ।

एन्जल्स १९.५ ओभरमा १ सय २० रनमा अलआउट भयो । युवराज खत्रीले ४० तथा सत्यम बस्नेतले ३० स्कोर गर्नुभयो । जिएचसिए 'बी' का वंश क्षेत्री, प्रजित कुँवर र गोकुल अधिकारीले समान ३ विकेट हात पानुभयो । 'म्यान अफ द म्याच' गोकुलले ब्याटिङतर्फ २० रन बनाउनुभयो ।

अर्को लिगमा मोफसलको टोली प्याट्रियोटिक क्रिकेट एमेडेमी, झापाले लगातार दोश्रो जित दर्ता गऱ्यो । प्याट्रियोटिकले जिएचसिए 'ए' लाई १२३ रनको विशाल अन्तरले हरायो । प्याट्रियोटिकले पूरै ओभर खेल्दै ४ विकेट क्षतिमा १७५ रनको योगफल खडा गऱ्यो । सुदीप पौडेलले नटआउट ६७ तथा उज्ज्वल काफ्लेले ५८ रन प्रहार गर्नुभयो । जिएचसिए 'ए' का प्रशान्त महतोले ३ विकेट लिनुभयो । जवाफमा जिएचसिए 'ए' १७.२ ओभरमा अलआउट हुनुअघिमात्र ५२ रनमा समेटियो । असम थापाले १० तथा अनुभव खनालले ८ रन जोड्नुभयो । वलिङतर्फ 'म्यान अफ द म्याच' प्याट्रियोटिकका श्रीयोग भट्टराईले ४ विकेट हात पार्नुभयो । प्रतियोगिताअन्तर्गत बुधबार लिगको अन्तिम खेलमा एन्जल्स 'बी' ले प्याट्रियोटिकको सामना गर्नेछ ।

अध्यक्षमा पौडेल

काठमाडौं । सत्तारुढ नेकपा (एमाले) निकट नेपाल खेलकुद महासंघको राष्ट्रिय भेलाले अध्यक्षमा रमेश पौडेललाई चयन गरेको छ । 'खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार' भन्ने नारासहित सम्पन्न सो महासंघको भेलाले अध्यक्ष पुरुषोत्तम पौडेलले संगठनविरोधी गतिविधि गरेको भन्दै उहाँलाई पदमुक्त गरी रमेश पौडेललाई अध्यक्ष चयन गरेको हो ।

Saudi मा रोजगार | **Asrar International Coffee Cafe To Provide Drinks**

पूर्व स्वीकृती मितिः २०७८/०१/०८ चलानी नं. ६०१५७७३५ LT No.: 239534

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Main Food Provider.	11	कामका दक्ष	1500	४७,९९३।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	फ्री		२

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु. १,५००।- कामदारले आफैंले	रु. ७००।- कामदारले आफैंले	निःशुल्क

अन्तरवार्ता २०७८ बैशाख १६ गते (Apr. 29, 2021) यस प्रा. लि. को कार्यालय, महाराजगंज काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट मराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्टक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम बिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्सँग राख्नुहोला । ६) कामका विवेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नर्याँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Govt Lic.: 1181/073/74

AL-KARIM HUMAN RESOURCES PVT. LTD.
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4421108, 4421056

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१/९

डडेल्धुरा, अमरगढी गाउँपालिका-३ श्री जय भगवती सा.व.उ.स को क्षेत्रबाट आ.व.०७८/१/१ को निर्णयको च.नं १२०६ र २०७७/११/१७ सहमति अनुसार सो सा.व.उ.स क्षेत्रमा उत्पादन भई घाटगद्दीमा राखिएको 'ए' ग्रेडको ६० गोलिया थानको १०२४.१७ क्यूफिट काठ र ग्रेड 'बी' को ११६ गोलिया थानको ११९८.१४ क्यूफिट जम्मा १७६ थान गोलीयाको २२२२.३१ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलवन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

अमरगढी गाउँपालिका-३ डडेल्धुरा ।

काठ लिलाम विक्रि सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०१/०९

श्री गोरिल सामुदायीक वन उपभोक्ता समूह, भागेश्वर गाउँपालिका-२, डडेल्धुरा को वन क्षेत्रबाट आ.व. ०७७/०७८ मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको **A ग्रेडको ३७ गोलिया थान**को परिमाण **५७५।८९ क्यूफिट** काठ तथा **B ग्रेडको १३० गोलिया थानको ११०१।८८ क्यूफिट** गरी जम्मा **१६७ गोलिया थानको १६७७।७७ क्यूफिट** सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री गोरिल सामुदायीक वन उपभोक्ता समूह
भागेश्वर गाउँपालिका-२, डडेल्धुरा

काठ लिलाम विक्रि सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०१/०९

श्री सरस्वती सामुदायीक वन उपभोक्ता समूह, भागेश्वर गाउँपालिका-१, डडेल्धुरा को वन क्षेत्रबाट आ.व. ०७७/०७८ मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको **A ग्रेडको ५५ गोलिया थान**को परिमाण **९८८।९२ क्यूफिट** काठ तथा **B ग्रेडको १४६ गोलिया थानको १२०।२४ क्यूफिट** गरी जम्मा **२०१ गोलिया थानको ११०९।१६ क्यूफिट** सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री सरस्वती सामुदायीक वन उपभोक्ता समूह
भागेश्वर गाउँपालिका-१, डडेल्धुरा

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बोलपत्र संशोधनको सूचना

(प्रकाशित मिति २०७८/०१/०९)

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७७/१२/११ गतेको हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Contract Identification No: CSGM/NCB /GOODS-02/077-78, Procurement of Supply and Delivery of Goods(Fitted Mini Tiller and Multi Crop Thresher) for Chautara Sangachokgadhi Municipality Office,Chautara,Sindhupalchok सम्बन्धी हार्ड-Copy र E-Bid www.bolpatra.gov.np/egp मार्फत आव्हान गरिएको बोलपत्रमा मिति २०७८/०१/०८ गतेको यस कार्यालयको निर्णयानुसार संशोधन गरिएको व्यहोरा जानकारी गराइन्छ । उक्त बोलपत्रको संशोधन www.bolpatra.gov.np/egp र website http://www.chautaramun.gov.np. वाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

Invitation for Quotations

Agriculture Information and Training Center (AITC)
Hariharbhawan, Lalitpur

Invitation for Quotations for the **Acoustic Treatment for Radio Station at Agriculture Information and Training Center (AITC) Hariharbhawan, Lalitpur**

Contract Identification No: **AITC- 077/78-05*2** Date of publication: **2078/01/09**

1. The **Agriculture Information and Training Center (AITC) Hariharbhawan, Lalitpur** invites sealed quotations for the construction of **Acoustic Treatment for Radio Station at Agriculture Information and Training Center (AITC) Hariharbhawan, Lalitpur.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Agriculture Information and Training Center (AITC) Hariharbhawan, Lalitpur phone 01-5425617 and email address info@aitc.gov.np]**[or may visit website www.aitc.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from the office **Agriculture Information and Training Center (AITC) Hariharbhawan, Lalitpur** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.1000.00 till **2078/01/23 during office hours**.
   Bidder should deposit the cost of bidding document in the following account:
   Name of the Bank: Nepal Bank Limited, Lalitpur
   Name of Office: Agriculture Information and Training Center (Revenue Account)
   Office Code no. : 312003402
   Office Account no.: 00101000000001001001 **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Sealed bids must be submitted **to Agriculture Information and Training Center, Hariharbhawan, Lalitpur before 12:00 Noon** on **2078/01/24**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 HRs on 2078/01/24** at the office **of Agriculture Information And Training Center (AITC), Hariharbhawan, Lalitpur**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 25,000/- (Twenty Five Thousand Rupees Only Exclusive VAT)**, which shall be valid for 30 days beyond the validity period of the bid.(i.e. 2078/04/05)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)

नौकुण्ड गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
वागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८।०१।०९

यस कार्यालयवाट तपसिल बमोजिमका मिति र राष्ट्रिय दैनिक पत्रिकामा र सार्वजनिक खरिद अनुगमनको कार्यालयको **e-portal www.bolpatra.gov.np/egp** मा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार तपसिलमा उल्लेखित ठेक्काहरुमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्बजनिक खरीद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाइ यसै सूचनाबाट सार्बजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागी समेत जानकारी गराइएको छ ।

तपसिल :

सि.नं.	कामको विवरण	ठेक्का नं.	प्रकाशित सूचना विवरण		बोलपत्रदाताको नाम	स्वीकृत रकम
			पत्रिका/e-portal	मिति		
1	**Procurement of Fabrication Package** (Fabricated Steel Parts for Trail Bridge)	NRM/NCB/ Goods/05-077/078	राष्ट्रिय दैनिक र www. bolpatra.gov.np/egp	2077/11/26	Safe Steel Pvt. Ltd., Khairahani-1, Chitwan, Nepal	NRs. 21,26,599.32 Including VAT

प्रमुख प्रशासकीय अधिकृत